# चन्द्रनगर गाउँपालिका

# स्थानीय राजपत्र

(खण्ड : ९) चन्द्रनगर पुष २८ गते, २०८२ साल (संख्या : ३)

## भाग : १

## चन्द्रनगर गाउँपालिका

चन्द्रनगर गाउँपालिकाबाट गरिने कार्यलाई व्यवस्थित गर्न नेपालको संविधानको धारा २१८ ले दिएको अधिकार प्रयोग गरी चन्द्रनगर.गाउँ सभाले मिति २०८२/०९/२८ को निर्णयानुसार देहायका नियमहरु स्वीकृत गरि सर्वसाधारणको जानकारीको लागी प्रकाशन गरिएको छ।

### २०८२ सालको ऐन नं. ३

# चन्द्रनगर गाउँपालिकाको प्रशासकीय कार्यविधि (नियमित गर्ने) ऐन, २०८२

**प्रमाणीकरण मिति :** २०८२/०९/२८.

**स्थानीय राजपत्रमा प्रकाशित मिति :** २०८२/०९/२८.

**प्रस्तावना:** नेपालको संविधानको अनुसूची ८ र ९ तथा स्थानीय सरकार सञ्चालन ऐन, २०७४ बमोजिम स्थानीय तहलाई तोकिएको अधिकार क्षेत्रभित्रका विषयमा आवश्यक कानून बनाई प्रशासकीय कार्यविधि नियमित गर्न वाञ्छनीय भएकोले स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा १०२ को उपदफा (१) बमोजिम चन्द्रनगर गाउँपालिकाको सभाले यो ऐन बनाएको छ।

१. **संक्षिप्त नाम, विस्तार र प्रारम्भ** : (१) यो ऐनको नाम चन्द्रनगर गाउँपालिकाको प्रशासकीय कार्यविधि ( नियमित गर्ने) ऐन, २०८२ रहेको छ।

(२) यो ऐन चन्द्रनगर गाउँपालिका क्षेत्रभित्र तुरुन्त लागू हुनेछ।

२. **परिभाषा** : (१) बिषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस ऐनमा,-

(क) "ऐन" भन्नाले चन्द्रनगर गाउँपालिकाको प्रशासकीय कार्यविधि (नियमित गर्ने) ऐन, २०८२ सम्झनु पर्छ।

(ख) "कार्यपालिका" भन्नाले चन्द्रनगर गाउँ कार्यपालिका सम्झनु पर्छ।

(ग) "गाउँपालिका" भन्नाले चन्द्रनगर गाउँपालिका सम्झनु पर्छ।

(घ) "सभा" भन्नाले संविधानको धारा २२२ बमोजिमको गाउँसभा सम्झनु पर्छ।

(ङ) "संविधान" भन्नाले नेपालको संविधानलाई सम्झनु पर्छ।

३. **नियम बनाउने अधिकार** : (१) नेपालको संविधान तथा स्थानीय सरकार सञ्चालन ऐन, २०७४ बमोजिम गाउँपालिकालाई तोकिएका अधिकार क्षेत्रभित्रका विषयमा तोकिएको कार्य जिम्मेवारी निर्वाह गर्न अपनाउनु पर्ने कार्यविधि नियमित गर्नको निमित्त चन्द्रनगर गाउँ कार्यपालिकाले आवश्यक नियम बनाउन सक्नेछ।

(२) उपदफा (१) वमोजिम नियम बनाउँदा संघीय तथा प्रदेश कानून बमोजिम स्थानीय तहको क्षेत्राधिकार भित्र पर्ने विषयमा मात्र बनाउनु पर्नेछ ।

४. **निर्देशिका, कार्यविधि र मापदण्ड वनाउन सक्ने:** (१) संविधान, ऐन तथा यस ऐन अन्तरगत वनेको नियमावलीको अधिनमा रही चन्द्रनगर गाउ कार्यपालिकाले आवश्यकता अनुसार निर्देशिका, कार्यविधि र मापदण्ड वनाई लागू गर्न सक्नेछ ।

अज्ञाले
जय किशोर साह
प्रमुख प्रशासकीय अधिकृत
चन्द्रनगर गाउँपालिका